# संघीय संसद
# राष्ट्रिय सभा
## पाँचौं अधिवेशन
## बैठक - ९
# सूचना पत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ माघ ५ गते आइतबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको नवौं **बैठक** सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले विशेष **समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. राजकुमार कुँवर**ले मदन भण्डारी राजमार्गलाई सकेसम्म सीधा बनाउनुपर्ने बताउनु हुँदै कम्यूनिष्टको सरकार भए तापनि द्वन्द्व पीडित, शहीद तथा घाइतेहरूको यथोचित व्यवस्था गर्नुको सट्टा उनीहरूलाई थप पीडा दिने अभिव्यक्तिहरू आएको आरोप लगाउनुभयो । उहाँले एमसीसी अमेरिकी हैकम चलाउने एक रणनीति भएको बताउनु हुँदै स्पष्ट दृष्टिकोण र लक्ष्य भएमा एमसीसीको अनुदानभन्दा धेरै स्रोत र साधन नेपालमा नै भएको दावी गर्नुभयो ।

**मा. रमेश जंग रायमाझी**ले राष्ट्रिय सभालाई रबर स्टयाम्प बनाउन नहुने बताउनु हुँदै विशेष सेवा विधेयक र सूचना प्रविधि विधेयकले जनताको मौलिक हकको हनन गरेको आरोप लगाउनुभयो । विगत एक महिनादेखि सत्तापक्षकै कारण प्रतिनिधि सभाको बैठक अवरुद्ध भएको आरोप लगाउनु हुँदै प्रधानमन्त्रीलाई सिंहदरबार आवश्यक नभएको भन्दै व्यङ्ग्यात्मक टिप्पणी गर्नुभयो । त्यसैगरी उहाँले सरकारले गोकर्ण रिसोर्ट पुनः लीजमा दिने निर्णय गर्दा पचास करोडभन्दा बढीको अनियमितता भएको आरोप लगाउनुभयो ।

**मा. कोमल वली**ले एमसीसी आउनुपर्नेमा संसद् एकमत भएको, नेपालकै हितमा हुने, पारदर्शी पनि भएको र नेपालका विज्ञहरूले समेत माग गरेकोले संसद्ले यसलाई अनुमोदन गर्नुपर्ने बताउनुभयो ।

**मा. प्रमिला कुमारी**ले मधेश आन्दोलनका प्रथम शहीद रमेश महत्तो लगायत उक्त आन्दोलनका क्रममा सहादत प्राप्त गरेका सम्पूर्ण शहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै संघीयता सहित अन्य अधिकार प्राप्तिका लागि भएका मधेश आन्दोलनका शहीदका परिवार र घाइतेले पाउनुपर्ने न्याय सहित आन्दोलनकारीहरूमाथि विना कसुर लगाइएका मुद्दा फिर्ता लिन सरकारसँग माग गर्नुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले सांसदहरूलाई आवश्यक पर्ने विषयहरूको प्रभावकारी व्यवस्थापन हुन नसक्दा सांसदहरूको कार्यप्रभावकारिता बढ्न नसकेको बताउनु हुँदै सांसदहरूलाई तथ्यपूर्ण र भरपर्दो सूचना प्रदान गर्न सचिवालयमा छुट्टै कर्मचारी संयन्त्र हुनुपर्ने माग गर्नुभयो ।

**मा. मुक्ता कुमारी यादव**ले प्रशासन र राज्यसत्ताको आडमा विभिन्न स्थानमा हत्याका शृङ्खला घटाइएको आरोप लगाउनु हुँदै ओमप्रकाश महतोले पर्यायवरण रक्षार्थ ज्यान गुमाउनु परेकोले निजलाई "पर्यायवरण शहीद" घोषणा गर्नुका साथै निजको हत्यारालाई कडा कारवाही गर्नुपर्ने सरकार समक्ष माग गर्नुभयो ।

**मा. चक्रप्रसाद स्नेही**ले योजना कार्यान्वयनका लागि सरकारले वर्षेनी ठूलो रकम विनियोजन गर्ने तर काम शुरू नहुने हुँदा राज्यको ढुकुटी एकातिर र योजना अर्कोतिर अलपत्र पर्ने गरेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी उहाँले स्थानीय तहमा कर्मचारी अभावका कारण काम लथालिङ्ग भएको र राष्ट्रिय निकुञ्जभित्र वर्षेनी करोडौं-अरबौं रुपैयाँ आगजनी भई खरानीमा परिणत बताउनु हुँदै पश्चिम सेती जलविद्युत् आयोजना तत्काल लागू गर्न माग गर्नुभयो ।

**मा. रामनारायण बिडारी**ले टुँडिखेललाई साविककै जस्तै खुल्ला र फराकिलो बनाइनुपर्ने र त्यहाँ बनेका संरचना भत्काइनुपर्ने माग गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङलाई "राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७५।०७६" लाई सभामा पेश गर्न अनुमति दिनुभयो ।

लगत्तै सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङलाई "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ्गलाई "रेल्वे विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री राम बहादुर थापालाई "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धिको प्रावधानमाथि सदनमा छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि" को प्रावधानमाथि सदनमा छलफल प्रारम्भ भएको र उक्त अभिसन्धिको आरक्षण (रिजर्भेसन) उपर कुनै पनि माननीय सदस्यहरुबाट राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १९७ बमोजिम संशोधन प्राप्त नभएको व्यहोरा जानकारी गराउनुहुँदै उक्त अभिसन्धिमाथिको छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय दिनुहुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् माननीय गृह मन्त्री राम बहादुर थापालाई "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धिलाई स्वीकृत गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७६ साल माघ ६ गते सोमबार दिनको १:०० बजे बस्ने गरी दिनको २:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव